नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

त्रिपुरेश्वर, काठमाडौं, फोन.न. ०१–५३३२३१४
mail.address tripureshwor.dtco@fcgo.gov.np

## धरौटी रकम दावी गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति, २०८३/०१/१६)

यस कोष तथा लेखा नियन्त्रक कार्यालयको क–२.३ धरौटी खातामा रकम जम्मा भई जम्मा गर्ने कार्यालय, जम्मा गर्ने व्यक्ति वा संस्थाको नामनामेसी नखुलेको कारण यस कार्यालयको नाममा आम्दानी बाँधिएको, विभिन्न कार्यालयमा प्रयोजन समाप्त भएका आ.व. २०७९/८० र सो भन्दा अगाडिको धरौटी खाताको रकम नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८२/१२/१३ गतेको एकसय बुँदे शासकीय सुधार कार्यक्रम अन्तर्गत महालेखा नियन्त्रक कार्यालयको प.सं. २०८२/८३ च.नं. ९७१ मिति २०८२/१२/२५ को पत्रबाट धरौटीको रकम सदरस्याहा गर्ने/ गराउने सम्वन्धमा प्राप्त निर्देशन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ को खण्ड (ग), (घ) र (ङ) बमोजिम सदरस्याहा गरी राजस्व खातामा आम्दानी बाँध्नुपर्ने भएकोले कुनै व्यक्ति वा संस्था वा कार्यालयले उक्त धरौटी खातामा जम्मा गरेको रकम सम्वन्धित कार्यालयमा आम्दानी बाँध्न छुट भएको भए आवश्यक प्रमाण कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र धरौटी जम्मा गरेको तपशिलका सम्वन्धित कार्यालयमा वा सम्बन्धित कार्यालय मार्फत यस कार्यालयमा दावी गर्न हुन अनुरोध गरिन्छ । उक्त समयावधि पश्चात् प्रमाण कागजात नपुगेका तथा कसैको दावी नभएको धरौटी रकम नियमानुसार सदरस्यहरू गरी राजस्व खातामा दाखिला गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र. स. | कार्यालयको नाम र ठेगाना | क्र. स. | कार्यालयको नाम र ठेगाना |
|---|---|---|---|
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर | २. | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर |
| ३. | समशीतोष्ण वागवानी केन्द्र कीर्तिपुर, | ४. | श्रम तथा रोजगार कार्यालय, भन्सारमार्ग टेकु, |
| ५. | मालपोत कार्यालय, कलङ्की | ६. | राष्ट्रिय किसान आयोग, कीर्तिपुर |
| ७. | प्रहरी वृत स्वयम्भू , काठमाडौं | ८. | निवृत्तभरण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर |
| ९. | बि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति, कीर्तिपुर | १०. | केन्द्रीय कारागार कारखाना, भोटेबहाल काठमाडौं |
| ११. | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, पचली टेकु | १२. | काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकु |
| १३. | आयुर्वेद चिकित्सालय, नरदेवी | | |

पुनश्चः तोकिएको अवधिभित्र धरौटी दावीका लागि सम्वन्धित कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

**प्रमुख कोष नियन्त्रक**